माननीय उपाध्यक्ष ज्यू,

माननीय सदस्य ज्यूहरु,

गाउँसभा सचिवालयका सचिव ज्यू,

गाउँसभा सचिवालय एवं कार्यालयका सम्पूर्ण कर्मचारी एवं पत्रकारहरु,

१) संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासनको आधारका रुपमा रहेको स्थानीय सरकारको रुपमा हुप्सेकोट गाउँपालिकाले आफ्नो स्थापनाका दिन देखि यस क्षेत्रका जनताको ईच्छा चाहना र आकांक्षालाई पुरा गर्न हरदम कर्तव्यनिष्ठ क्रियाशिल र प्रतिवद्ध रहेको यहाँहरु सबैलाई सर्वविदितै छ । जनताको अभिमत मार्फत स्वतन्त्र निर्वाचनको माध्यमबाट यस हुप्सेकोट गाउँपालिका सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

२) संघीय लोकतान्त्रीक शासन व्यवस्थाको स्थापनामा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहित प्रति भावपेण श्रद्धाञ्जली अर्पण गर्दछु । शहिद वेपत्ता र घाईते परिवार प्रति उच्च सम्मान प्रकट गर्दै घाईतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३) लोकतान्त्रिक मूल्य मान्यता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन र विधिको शासन प्रति हुप्सेकोट गाउँपालिका पूर्ण प्रतिवद्ध रही स्थानीय तहको हक, कर्तव्य संरक्षण र उपयोग सम्बन्धमा सदा दृढ संकल्पित छ ।

४) समाजमा रहेका सबै प्रकारका विभेद, वञ्चितीकरण र असहिष्णुताको अन्त्य गर्दै राज्यको शासन र विकासको अवसरबाट वञ्चितीमा पारेका र पारिएका वर्ग , समुदाय, जाती क्षेत्र र लिङ्गलाई साशनको मूल प्रवाहमा ल्याउन हुप्सेकोट स्थानीय सरकार सधै सचेत र अग्रसर रहनेछ ।

५) हुप्सेकोटवासी सम्पूर्ण दिदी वैनी तथा दाजु भाईहरु यहाँहरुको चाहना , आकांक्षा र वास्तविक आवश्यकतालाई सम्वोधन गर्न हामीलाई उपलब्ध स्रोत साधनको महत्तम उपयोग गर्दै यस क्षेत्रको सर्वाङ्गीण विकासमा हुप्सेकोट गाउँपालिका सदा प्रतिवद्ध रहेकोछ । यस अभियानमा विकासका आवश्यकता पूर्ति गर्न हामीले संघीय सरकार , प्रादेशिक सरकार, नीजि क्षेत्र, नागरिक समाज, गैर सरकारी संघ संस्था तथा निकायहरु सँग आवश्यक सहकार्य सहलगानी र सहकारीको मूल्य मान्यतालाई आत्मसात गर्दै अगाडी बढी रहेका छौं । यस क्रममा चालु आ.व. मा हामीले हाँसिल गरेका केही महत्वपूर्ण उपलब्धीहरु लाई यस सम्मानीत गाउँसभामा प्रस्तुत गर्न चाहन्छु ।

चालु आर्थिक वर्षमा सम्पन्न भएका महत्पूर्ण उपलब्धीहरु :

१) यस गाउँपालिका भित्रका विभिन्न वडामा ६२०० मि . बाटो असार मसान्त सम्म कालोपत्रे गरी सम्पन्न हुने क्रममा रहेकोछ । यस आर्थिक वर्षमा ग्राभेल सडक निर्माण १७ कि .मि. सम्पन्न भएको छ भने माटे सडक २३ कि .मि., सिंचाई कुलो निर्माण र मर्मत २ कि.मि., कल्भर्ट निर्माण ३ वटा, खानेपानी टंकी निर्माण तथा पानी वितरण ९ वटा, साईड वाल ११ कि.मि. सम्पन्न भएको छ।

२) गाउँपालिकाको प्रत्येक वडामा बाटा-घाटा, कल्भर्ट, सिंचाई कुलो, स्कूल, खानेपानी योजनाहरु द्रुत गतिमा संचालनमा रही सम्पन्नताको संघारमा रहेका छन् ।

३) चालु आ.व. मा विकास निर्माण प्रक्रियामा जनताको सहभागिता र अग्रसरता मार्फत आफ्नो अपनत्व महशुस गर्ने कार्यले हामीलाई प्रेरणा मिलेको छ ।

४) पहाडी क्षेत्रको विकासको गतिलाई तिव्रता दिन जापडाँडादेखि मुरलीखोला हुँदै पाल्पा निस्दी जोड्ने सडकको ट्र्याक पूरा भएको छ भने विभिन्न वडाहरुलाई जोड्ने दुई वटा फुट ट्रस ब्रीज र चार वटा झोलुङ्गे पुल निर्माण भई सम्पन्न हुने अवस्थामा छन् ।

५) बाहुन चौपारी देखि रमिते हुँदै सार्कीडाँडा निस्दी जोड्ने बाटोको ट्र्याक पुरा गरिएको छ ।

६) हुप्सेकोट गाउँपालिकाका विभिन्न वडाहरुलाई जोड्ने फुट ट्रेस ट्रस ब्रिज दुई वटा , १ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको, दुई वटा फुट ट्रेस ट्रस ब्रिज र तीन वटा झोलुङ्गे पुल निर्माणाधिन अवस्था भएको ।

७) उज्यालो हुप्सेकोट अभियानलाई पुर्णता दिन ग्रामिण क्षेत्रमा विद्युतीकरणको क्रमलाई तीव्रता दिदै वडा नं . २ को मोहनडाँडा हुँदै वडा नं. ६ को मौलाथर, वडा नं. ४ को रामकोट हुँदै वोझापोखरी सम्म विद्युत पुर्याउने क्रम जारी छ भने हुप्सेकोटलाई पूर्ण रुपमा पूर्ण रुपमा उज्यालो गाउँपालिका घोषणा गर्ने गरी यस वर्ष पनि उच्च प्राथमिकतामा राखी विद्युतीकरण कार्यलाई निरन्तरता दिईएको छ ।

८) वडा नं. ४ को रामकोट, बोझापोखरी सम्म विद्युत पोल गाडेर विद्युतीकरण कार्य अगाडी बढाईएकोछ ।

९) शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत संचालन हुन लागेको देउराली सोतीखोला खानेपानी तथा सरसफाई उपभोक्ता संस्था मार्फत स्वच्छ खानेपानीको लागि डि .पि.आर. सम्पन्न भई योजना कार्यान्वयनमा आई सकेकोछ ।

१०) वडा नं. ४ को माथिल्लो रुम्सी खानेपानी आयोजना सम्पन्न भई स्थानीय जनसहभागितालाई पिउने पानीको व्यवस्था गरिएकोछ ।

११) वडा नं.४ को निउरेनी खानेपानी आयोजना लिफ्टिङ्ग गरी जनताहरुलाई पिउने पानीको व्यवस्था गरिएकोछ ।

१२) पिपलडाँडा, साडाभञ्ज्याङ्ग, विरुखर्क, जापडाँडा, चपाहा, सटकुन लगायतका विभिन्न स्थानहरुमा स्थानीय जनताहरु लाभान्वित हुने गरी खानेपानी योजनाहरु सम्पन्न गरिएकोछ ।

१३) जुगेपानीमा डिप वोरिङ्ग संचालन गरी जनताहरुलाई खानेपानी तथा सिंचाई सुविधा उपलब्ध गराईएकोछ ।

१४) हुप्सेकोट गाउँपालिका भरी पशु स्वास्थ्य र पशु विकासलाई टेवा पुर्याउन पशु विमा कार्यक्रम संचालन गरी सम्पन्न गरिएकोछ ।

१५) जुनेटिक रोग सम्बन्धि विद्यालय शिक्षा कार्यक्रम संचालन गरी विद्यार्थीहरुमा पशुबाट मानिसमा सर्ने रोगको सम्बन्धमा जनचेतना मूलक कार्यक्रम संचालन भएका छन् ।

१६) ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम सम्पन्न गरी गाउँका अस्वस्थ पशु पशुहरुलाई सहज उपचारको व्यवस्था मिलाईएको छ ।

१७) निःशुल्क पशु स्वास्थ्य शिविर एवं पशु खोप कार्यक्रम संचालन गरी गाउँपालिकामा पशुपालक किसानहरुलाई पशुपालन तर्फ आकर्षित गरिएकोछ ।

१८) घाँसको विउ तथा वेर्ना वितरण कार्यक्रमको माध्यमबाट सहज रुपमा घाँस उपलब्ध गराई किसानहरुलाई पशुपालन

तर्फ आकर्षित गरिएकोछ ।

१९) न्यायीक समितिलाई गाउँपालिकामा दर्ता भएका ४७ वटा मुद्दाहरु मेलमिलाप गरी किनारा लगाईएको छ । मेलमिलापकर्तालाई सात दिने आधारभूत तालिम प्रदान गरिएकोछ ।

२०) स्थानीय सरकार संचालन ऐन २०७४ का विषेशताका विषयमा अन्तरक्रिया कार्यक्रम प्रदान गरिएकोछ ।

२१) किशोरीहरुलाई महिनावारी शिक्षा एवं महिनावारी हुँदा प्रयोग गर्ने प्याड वितरण गरिएकोछ ।

२२) वालविवाह न्यूनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरीएको छ भने वालविवाह न्यूनीकरणको लागि प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईएकोछ ।

२३) सुत्केरी आमा पोषिलो खाना कार्यक्रम मार्फत २९५ जना सुत्केरी महिला लाभान्वित भएका छन् ।

२४) सुनौलो १००० दिनका आमा तथा किशोरीहरुलाई करेसावारी व्यवस्थापन , कुखुरा पालन एवं खानेपानी शुद्धीकरण सम्बन्धि तालिम सम्पन्न गरिएको छ ।यसबाट २१८ जना गर्भवती, सुत्केरी तथा किशोरीहरु लाभान्वित भएका छन् ।

२५) प्रयास गरे परिवर्तन सम्भव छ भन्ने मान्यतालाई स्थापित गर्न शैक्षिक प्रणालीलाई जिम्मेवार , नतिजामुखी, पारदर्शी र उत्तरदायी बनाउने क्रमले निरन्तरता पाएको छ ।

२६) स्थानीय शिक्षा ऐन निर्माण गरी सीपमूलक, गुणस्तरीय शिक्षाको प्रत्याभूती दिलाउने विषयलाई प्राथमिकता दिईएकोछ ।

२७) वालकक्षा शिक्षिकाहरुलाई मन्टेश्वरी सिकाई तालिम प्रदान गरी स -साना वालवालिकाहरुलाई सिकाईमा उत्प्रेरित गरिएकोछ ।

२८) विद्यालयहरुमा विद्युतीय हाजिरी जडान गरी शिक्षकहरुलाई नियमित गराई विद्यालय शिक्षामा सुधार गर्ने प्रयासको थालनी भएकोछ ।

२९) विद्यार्थीहरुको सिकाई उपलब्धीमा वृद्धि गर्न सामाजिक र नैतिक शिक्षा विषयलाई निजी तथा समानुदायीक विद्यालयमा नेपाली माध्यमबाट अध्यापन गर्ने व्यवस्थालाई अनिवार्य गरिएकोछ।

३०) विद्यालय गाभ्ने कार्यक्रम शुरुवात गरी गुणस्तरीय शिक्षाको वातावरण सिर्जना गर्न शैक्षिक क्षेत्र विकासलाई उच्च प्राथमिकतामा राखी यस सम्बन्धि तालिम सम्मेलन र अन्तरक्रियालाई तीव्रता दिईएकोछ ।

३१) विभिन्न विद्यालयहरुमा ICT ल्याव, पुस्तकालय व्यवस्थापन तथा भवन निर्माणका आयोजना सम्पन्न भएका छन् ।

३२) शिक्षकहरुलाई सकारात्मक सोंच तथा उत्प्रेरणा जगाउन शैक्षिक सम्मेलन संचालन गरिएकोछ भने आगामी वर्ष पनि यस प्रकृतीका कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

३३) भुकम्प पुनर्निर्माण अन्तर्गत १३९ भुकम्प पिडीत मध्ये १०९ जना भुकम्प पिडीतले तीन लाखका दरले रकम लिई निजी आवास निर्माण सम्पन्न गरिएकोछ ।

३४) दुई वटा माध्यमिक विद्यालयमा ४-४ कोठे भवन निर्माण सम्पन्न गरिएकोछ । भने १० वटा विद्यालयहरुमा भुकम्प पुनर्निर्माण अन्तर्गत शौचालय निर्माण कार्य सम्पन्न हुने क्रममा छन् ।

३५) व्यवसायीक तरकारी विकास आयोजना तर्फ ५० प्रतिशत अनुदानमा ११० जना कृषकलाई तरकारी वीउ वितरण गरएको छ भने ५० प्रतिशत अनुदानमा प्लाष्टिक मल्चिङ्ग २९ जना कृषकलाई र प्लाष्टिक हाउस ९ जना कृषकलाई वितरण गरिएको छ ।

३६) कृषि यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा विभिन्न यन्त्रहरु २७० जना किसानलाई वितरण गरिएको छ ।

३७) व्यवसायीक आलु विकास आयोजनाबाट ५० प्रतिशत अनुदानमा ७४७ जना किसानलाई १८ टन आलुको वीउ वितरण गरिएको छ भने ११२ जना कृषकहरुलाई च्याउ वीउ र पोलिप्याक वितरण गरिएको छ ।

३८) लैङ्गिक हिंसा विरुद्ध विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ । ज्येष्ठ नागरिक तथा अपाङ्गहरुको लागि परिचय - पत्र वितरण गरिएको छ । यसै गरी गाउँपालिका स्तरीय ज्येष्ठ नागरिक संघको पनि गठन गरिएको छ । वालवालिका तथा ज्येष्ठ नागरिक माथि हुने दुर्व्यवहारका विरुद्ध सचेतना कार्यक्रम संचालन गरिएको छ ।

माननीय सदस्यहरु,
हुप्सेकोट सरकारले विगतका वर्षहरुमा हाँसिल गरेको उपलब्धी र अनुभवका आधारमा आगामी आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम यस सम्मानीत गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**शिक्षा : (अध्यक्ष विधालय सुधार कार्यक्रम लागु गरिनेछ )**

१) शैक्षिक गुणस्तर वृद्धि गरी सर्वसुलभ र व्यवहारिक शिक्षा प्रदान गर्न भौगोलिक अवस्थिती जनशक्तिको उपलब्धता र विद्यार्थी संख्याको अनुपात मिलाउन विद्यालयहरु गाभ्ने कार्यको थालनी गरिनेछ ।

२) नमुना आवासीय बिधालय स्थापनार्थ पूर्वाधार निर्माण कार्यको थालनी गर्न आवस्यक बजेटको व्यवस्था मिलाएको छु ।

३) सबै विद्यालयहरुमा प्रविधिमैत्री गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने कार्यको थालनी गर्न प्रत्येक विद्यालयमा स्मार्ट क्लास रुमको स्थापना गर्न वजेटको व्यवस्था मिलाईनेछ ।

४) विद्यालय जाने उमेरमा वालवालिकाहरुलाई विद्यालय पुर्याउने तथा टिकाउने उद्देश्य हाँसिल गरी विद्यार्थी भर्ना दर वृद्धि गर्न तथा कक्षा छाड्ने दरमा कमी ल्याउन वालवालिकामा देखिएको पोषणको आवश्यकता पूर्ति गर्न दिवा खाजा कार्यक्रम लागु नभएका विद्यालयमा दिवा खाजा कार्यक्रम लागु गरिनेछ ।

५) प्र.अ., शिक्षक कर्मचारीहरुको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण मिलाउन तहगत , विषयगत र क्षेत्रगत तालिम संचालन गरिनेछ ।

६) हुप्सेकोट गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरण गरी सर्वाङ्गिण विकासका लक्ष्य हाँसिल गर्न शैक्षिक क्षेत्रको विकासको पूर्व शर्तको रुपमा रहेको यथार्थतालाई आत्मसात गर्दै गुणस्तरीय शिक्षा प्राप्तीलाई सुनिश्चित गर्न उत्कृष्ट नतिजा हाँसिल गर्ने विद्यालय, प्र.अ., शिक्षक तथा विद्यार्थीहरुलाई तहगत र विषयगत आधारमा पुरस्कृत गर्न विभिन्न प्रोत्साहनका कार्यक्रम (प्रमाण-पत्र सहित रकम, गोल्ड मेडल) को व्यवस्थाको थालनी गरिनेछ ।

७)	विद्यालयहरुको सरसफाईको अवस्थामा टेवा पुर्याउन विशेषगरी शौचालयको अवस्थामा सुधार गर्न हरेक विद्यालयमा विद्यालय शौचालय सुधार आयोजनाको शुरुवात गरेको छु ।

## स्वास्थ्य तथापोषण

१)	सुत्केरी आमाको स्वास्थ तथा पोषणको व्यवस्थालाई व्यवस्थित गर्न प्रोत्साहन स्वरुप हरेक सुत्केरी आमालाई प्रदान गरिदै आएको रकम उपलब्ध गराउन सुत्केरी आमा पोषिलो खाना कार्यक्रमलाई निरन्तरता दिएको छु ।

२)	पूर्ण खोपयुक्त गाउँपालिकाको उद्देश्य हाँसिल गर्न संचालनमा रहेका स्वास्थ्य संस्थाका अतिरिक्त वाह्य खोपकेन्द्र संचालनको लागि सुदृढीकरण गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

## खानेपानी तथासरसफाई

१)	गाउँपालिका भरी स्वच्छ र सर्वसुलभ खानेपानीको आपूर्तिको व्यवस्थालाई सुनिश्चित गर्न शहरी खानेपानी आयोजना लागु नभएका वडाहरुमा खानेपानी आयोजना संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

२)	गाउँपालिका भरी सरसफाईको व्यवस्थालाई अझ व्यवस्थित गर्न सरसफाई सम्बन्धि सामाग्रीहरुको वितरणको शुरुवात गरेको छु ।

## युवा तथाखेलकुद

१)	परम्परागत पेशा र व्यवसायको प्रवद्धन तथा व्यावसायिकरणको लागि युवालाई प्रोत्साहन गर्ने कार्यक्रमको थालनी गरिनेछ ।

२)	सामाजिक कुरीति, अन्धबिस्वास र असमानता बिरुद्ध युवा परिचालित नभए सम्म सामाजिक विकास असम्भव छ भन्ने मर्मलाई बुझेर यस सम्बन्धि कार्यक्रम संचालनमा यूवाहरुलाई परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

३)	वार्षिक रुपमा गाउँपालिका स्तरीय खेल संचालन तथा अन्य रचनात्मक कार्यक्रम संचालनार्थ आवश्यक वजेट विनियोजन गर्दै यूवा क्लवहरुलाई खेलकुद सामाग्री वितरण गर्ने कार्यको थालनी गरेको छु ।

## लैंगिक समानता रमहिला सशक्तीकरण

१)	पिछडिएका तथा विपन्न महिलाहरुको आर्थिक सशक्तिकरण एवं जिविकोपार्जन सुधारको लागि आय आर्जन , क्षमता विकास कार्यक्रम संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

२) महिला हिंसा विरुद्ध यस गाउँपालिकाले शुन्य सहनशिलताको नीति अवलम्वन गर्दै लैंगिक हिंसा निगरानी समूह गठन, परिचालन र हिंसा पिडितका लागि राहत तथा पुनर्स्थापना कोष स्थापना गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

३) युवा युवतीहरुलाई प्राविधिक शिक्षाका विभिन्न तालिम प्रदान गर्न वहु क्षेत्रीय र वहु आयामिक विकास कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**बालबालिका तथा बालमैत्री कार्यक्रम**

१) वाल विवाह, वालश्रम, वालवालिका विरुद्धको हिंसा, वाल यौन दुर्व्यवहार, वालवालिकाको बेचविखन सम्बन्धि कानुनी प्रावधानका विषयमा विद्यालय शिक्षाको पाठ्यक्रमको रुपमा नैतिक शिक्षा विषय समावेश गरेकोछु । साथै वाल क्लव, वाल समूह, किशोर किशोरीको समूह जस्था संस्थाहरु विद्यालय तथा समुदायमा विस्तार गरी वाल अधिकार सुनिश्चित गर्न सचेतना कार्यक्रम संचालन गरी छिट्टै हुप्सेकोट गाउँपालिकालाई वालमैत्री गाउँपालिकाको रुपमा रुपान्तरण गर्ने गरी आवश्यक वजेट तथा योजनाको प्रवन्ध मिलाएको छु ।

**जेष्ठ नागरिक तथाफरक क्षमता भएका व्यक्ति**

१) जेष्ठ नागरिकको ज्ञान, सिप र अनुभबलाई उपयोग गर्न अन्तरपुस्ता सिप हस्तान्तरण, छलफल र अन्तरक्रिया कार्यक्रमका साथमा ज्येष्ठ नागरिक सम्मानको लागि वजेटको प्रवन्ध मिलाएको छु ।

२) फरक क्षमता भएका व्यक्ति प्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास तथा कुरिती नियन्त्रण र निराकरण गर्दै फरक क्षमता भएका व्यक्तिहरुका लागि गमनशिलता प्रविधि र आय आर्जन सम्बन्धि विभिन्न कार्यक्रम संचालनको व्यवस्थालाई सुनिश्चित गरेको छु ।

**पूर्वाधार विकास**

१) गाउँपालिकाको केन्द्र सुनिश्चित भई सकेको अवस्थामा छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाई टेवा पुर्याउनलाई गाउँपालिकाको भवन निर्माण कार्यको शुरुवात गर्न Sead money को रुपमा केही रकमको प्रवन्ध मिलाएको छु ।

२) गाउँपालिकाको पहाडी र तराई क्षेत्रलाई एकाकार गर्दै आर्थिक सामाजिक रुपान्तरणको अभियानमा सबै क्षेत्र गाउँ र वस्तीलाई गाउँपालिकाको केन्द्रसँग जोड्दै पुर्व पश्चिम राजमार्ग सम्मको सेवा र पहुँचको अवस्थालाई सुनिश्चित गर्न ६ वठै वडाहरु जोडिने गरी हुप्सेकोट चक्रपथ निर्माण कार्यको थालनी गर्न ४ करोड रकमको व्यवस्था मिलाएको छु ।

३) गिरुवारी खोलामा जनताहरुको आवत जावतलाई सहज बनाई त्यस क्षेत्रका जनताहरुको आर्थिक सामाजिक विकासका क्रियाकलापहरुलाई द्रुतता प्रदान गर्न आवश्यक पर्ने पाईप पुलको निर्माण कार्यलाई तुरुन्त शुरु गर्न आवश्यक वजेटको प्रवन्ध मिलाएको छु ।

४) हुप्सेकोटवासी दाजुभाई तथा दिदी वैनीहरुलाई वत्तीको अध्यारो मुनी बस्न वाध्य हुनु परेको असहजतालाई निराकरण गर्न उज्यालो हुप्सेकोट कार्यक्रम अन्तर्गत आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

५) भौगोलिक अवस्थितीका कारण विकासका क्रियाकलापलाई एकिकृत गर्ने अभियानमा आई परेका असामन्जस्यतालाई समाधान गर्दै जनतालाई आवश्यक पर्ने सम्पूर्ण सार्वजनिक सेवा र विकास निर्माणको अधिकार तथा अवसरलाई सुनिश्चित गर्न **हुप्सेकोट गाउँपालिका एकिकृत नमुना वस्ती विकास कार्यक्रम** को शरुवात गर्न आवश्यक रकमको विनियोजन गरेको छु । यस कार्य मार्फत त्यस क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा समेत विकास गर्ने गरी थप आवश्यक वजेटको प्रवन्ध मिलाएको छु ।

६) गाउँपालिकाको केन्द्र झ्यालबासलाई पूर्व पश्चिम राजमार्गको ४० किलोको विन्दु सम्म जोड्न सम्मेनी झ्यालबास बीचको सडक स्तरोन्नती गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

७) वेलवा देखि वडा कार्यालय जोड्ने गरी पत्थरखोलामा पुल निर्माण गरी जनताको सहज आवत जावतलाई सहज बनाउन आवश्यक वजेटको प्रवन्ध मिलाएको छु ।

८) पूर्वाधार क्षेत्रको विकासलाई गति प्रदान गर्न र यस कार्यमा जनताको आवश्यकता ईच्छा र आकांक्षा सम्वोधन होस् भन्ने संघीयताको मूल मर्मलाई आत्मसात गर्दै वडा स्तरबाट पूर्वाधार विकासका आयोजना सम्पन्न गर्न हरेक वार्डहरुलाई विकासका सूचक तथा आर्थिक, सामाजिक एवं भौगोलिक सूचक समेतलाई आधार मानी विकासका सबै आयामहरुलाई समेट्न ४ करोड वजेट वार्डहरु मार्फत योजना सम्पन्न गर्ने प्रवन्ध मिलाएको छु ।

९) हुप्सेकोट ४ को वार्कोट, भालेढुंगामा सडक स्तर उन्नति र खानेपानीको व्यवस्थाका लागि आवश्यक कार्यको थालनी गरिनेछ ।

१०) गिरुवारी खोलामा बहुउद्देश्यीय ड्याम बनाइ यस क्षेत्रको लागि आवश्यक हुने सिचाई र बिधुत उत्पादन गरि वितरण गर्ने व्यवस्थाको थालनी मिलाइने छ ।

## आर्थिक विकास

१) हुप्सेकोट गाउँपालिकाको प्राकृतिक सुन्दरता र मनोरम स्थलहरुको अवलोकनलाई व्यवस्थित गर्दै यस क्षेत्रको पर्या पर्यटन, जल पर्यटन, खेल पर्यटन, संस्कृती पर्यटनलाई सुनिश्चित गर्ने उद्देश्यले रुद्रपुरको गोलपोखरी शान्ति वाटिका पर्यटन क्षेत्र व्यवस्थापनको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

२) कृषि क्षेत्रको विकास मार्फत यस क्षेत्रको आर्थिक सामाजिक विकासमा रहेको अधिकतम् हिस्सालाई सुव्यवस्थित गर्न कृषि वस्तुको उत्पादन भण्डारण र वजारीकरणलाई टेवा पुर्याउन आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

३) कृषि क्षेत्रको विकासमा सहकारीमा आधारित कफी विकास एकिकृत तरकारी खेती तथा विभिन्न गाउँ र वस्तीहरुलाई कृषिजन्य वस्तुको उत्पादनका आधारमा पकेट क्षेत्र घोषणा गर्ने गरी कार्यक्रम संचालन गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

४) उच्च मूल्यवालीहरु जस्तै कागती खेती, वर्षे फलफूल खेती, च्याउ खेती, अदुवा खेतीको व्यवसायीकणको लागि विरुवा, वीउ, मल, शुक्ष्म तत्व तथा अन्य आवश्यक सामाग्रीहरुको व्यवस्था मिलाईनेछ । यसका साथै ज्ञान सिप प्रविधिको लागि तालिम कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

५) समग्र कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धिका साथै सिंचित क्षेत्रफल विस्तारका लागि सतह प्रणालीमा आधारित नहर कुलो निर्माण मर्मत सम्भार र सिंचाईको लागि प्लाष्टिक पोखरी निर्माण एवं भूमिगत जलस्रोत सिंचाईका लागि वोरिङ्ग निर्माण गरी सिंचाई प्रणालीको विकास गरिनेछ ।

६) वढ्दो वातावरणीय प्रदुषण र मानविय स्वास्थ्यलाई मध्यनजर राख्दै रासायनीक मल विषादीको प्रयोगलाई न्यूनीकरण गर्न प्राङ्गारीक खेतीमा विशेष जोड दिईनेछ । यसका लागि प्राङ्गारीक मल जैविक विषादी र प्राङ्गारीक तरकारी खेतीको लागि आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।

७) पशु विकास क्षेत्रमा पशु आनुवंशीक संरक्षण, पशुपंक्षी वधशाला व्यवस्थापनलाई व्यवस्थित गर्दै हाम्रो गाउँपालिकाको सर्वाङ्गिण विकासमा पशु विकास क्षेत्रको योगदानमा वृद्धि गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

८) हाम्रो गाउँपालिका क्षेत्र भित्र उद्योग र वाणिज्य क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले सम्पूर्ण औद्योगिक र वाणिज्य क्षेत्रका गतिविधी एकिकृत गर्न आगामी वर्ष हुप्सेकोट महोत्सव संचालन गर्न आवश्यक वजेटको प्रवन्ध मिलाएको छु ।

९) हाम्रो गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरणका क्रियाकलापलाई गति प्रदान गर्न आवश्यक हुने आधारभूत क्षेत्रगत पूर्वाधार निर्माण गर्न पहिचान भएका गौरवका आयोजनाहरुमा लगानी र सहकार्य गर्न सम्पूर्ण स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार, वैदेशिक नियोग, निजी क्षेत्र र गैर सरकारी क्षेत्रका लगानीकर्ताहरुलाई आह्वान गर्न यस आ.व. मा लगानी सम्मेलन गर्ने आवश्यक प्रवन्ध मिलाएको छु ।

१०) हाम्रो गाउँपालिकाको विभिन्न वस्ती तथा टोलहरुमा आवश्यक भएका सिंचाई कुलो र नहरहरुलाई व्यवस्थित गर्न वार्डहरु मार्फत आयोजना संचालन गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु ।

११) भूमिसुधार कार्यक्रम लागु गरी यस सम्बन्धि समस्या समाधान गर्ने बिषयको थालनी गरिने छ ।

**वन, वातावरण तथाविपद व्यवस्थापन**

१) वन, वातावरण संरक्षण र हरियाली प्रवर्द्धन गर्न हाम्रो क्षेत्रका उच्च स्तरका पहाडहरुमा लालीगुँरास रोपण गर्न एक विद्यार्थी एक लालीगुँरास कार्यक्रम संचालन गर्न आवश्यक वजेट विनियोजन गर्ने प्रवन्ध मिलाएको छु ।

२) गाउँपालिकामा **प्लाष्टिक मुक्त हुप्सेकोट** कार्यक्रम संचालन गरी पर्यावरण संरक्षणलाई टेवा पुर्याउन आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

३) गाउँपालिकाका विभिन्न खोला र नदी कटानका कारण विपदमा परेका तथा अन्य कारणले आईपर्ने विपदलाई व्यवस्थित गर्न गाउँपालिकामा विपद व्यवस्थापन कोषको स्थापनाको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

४) खोला नदीहरुको कटानका कारण सृजना भएको समस्या समाधानार्थ **हुप्सेकोट तटवन्ध कार्यक्रम** संचालनको व्यवस्था मिलाएको छु ।

५) विपद व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्न वार्ड स्तरबाट समेत विभिन्न कार्यक्रम संचालन हुने व्यवस्थालाई निरन्तरता दिएको छु ।

**सस्थागतविकास**

१) सूचना प्रविधिको क्षेत्रमा भएको द्रुततर विकासको गतिलाई हाम्रो गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणको क्रियाकलापलाई वार्ड केन्द्र, विद्यालय, स्वास्थ्य संस्था देखि गाउँपालिकाको केन्द्र सम्म जोड्ने प्रविधि विकास गर्न intranet को विकास, Office Automation विभिन्न Software को प्रयोगलाई सुनिश्चित गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

२) हाम्रो गाउँपालिका स्तरबाट भविष्यमा संचालन हुन सक्ने गौरवका आयोजनाहरुको पहिचान गरी संचालनको व्यवस्था शुरु गर्न आवश्यक हुने DPR, IEE, EIA गर्ने कार्यको लागि आवश्यक व्यवस्था गरेको छु ।

३) संघीय सरकार, प्रादेशिक सरकार, विदेशी सरकार तथा संघ संस्थाहरुको सहलगानी सहकार्यमा संचालन हुने आयोजनाहरुको सम्पन्नताको लागि आवश्यक प्रवन्ध मिलाएको छु ।

४) सार्वजनिक सेवा प्रवाह र विकास निर्माणको क्रियाकलापहरुलाई जनमुखी, नतिजामुखी, पारदर्शी र उत्तरदायीपूर्ण बनाउँदै जनतालाई आर्थिक, सामाजिक रुपान्तरणको यस महा अभियानमा सहभागी बनाउँदै सुशासन कायम गर्न आवश्यक व्यवस्था मिलाएको छु ।